# गौमुल गाउँपालिका

## घट्मुना, बाजुरा

## ७ नं. प्रदेश नेपाल

# स्थानीय राजपत्र

## गौमुल गाउँपालिकाद्धारा प्रकाशित

*खण्ड १ अंक ७ २०७४ फागुन महिना ८ गते बुधबार*


# भाग २

गौमुल गाउँ सभाको मिति २०७४/११/०८ गतेको बैठकबाट स्वीकृत भएको **"गौमुल गाउँपालिकाको युवा स्वरोजगार तथा साना ब्यवसायी घुम्ती कोष सञ्चालन निर्देशिका, २०७४"** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनीक जानकारीका लागि देहाय बामोजिम प्रकाशन गरिएको छ।

# युवा स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष संचालन निर्देशिका -२०७४

## प्रस्तावना

स्थानीय सरकार संचालन ऐन को दफा १०२ ले दिएको अधिकारलाई प्रयोग गर्दे गाउँपालिकाबाट विनियोजित अनुदानलाई प्रमाण पत्र धितोका आधारमा ऋण प्रदान गर्ने युवा स्वरोजगार कार्यक्रमलाई प्रत्येक वडामा स्थापित बहुउद्देशीय सहकारी संस्था मार्फत घुम्ती कोष संचालन गर्ने प्रयोजनका लागि युवा स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष संचालन निर्देशिका २०७४ बनाईएको छ ।

## परिच्छेद-१
## प्रारम्भीक

१.१ सम्क्षिप्त नाम र प्रारम्भ

(क) यो निर्देशिकाको नाम “युवा स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष संचालन निर्देशिका -२०७४” रहेको छ ।

(ख) यो निर्देशिका गाउँ कार्यपालिकाबाट निर्णय भएको मिति देखि लागु हुनेछ ।

## परिच्छेद-२
## परिभाषा

२.१ विषय प्रसंगले अर्को अर्थ नलागेमा,

क) “कोष” भन्नाले युवा स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष सम्झनु पर्दछ ।

ख) “समिति” भन्नाले युवा स्वरोजगार तथा साना व्यवसायी स्वरोजगार घुम्ती कोषको सञ्चालक समिति सम्झनु पर्दछ ।

ग) “मूल्याङ्कन समिति” भन्नाले सहकारी संस्थाहरुबाट प्राप्त प्रस्तावहरु मूल्याङ्कन गर्न गठित समिति भन्ने सम्झनु पर्दछ ।

घ) “अनुदान ” भन्नाले सहकारीलाई गाउँपालिकाबाट युवा स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष संचालनका लागि दिइएको अनुदान सहयोग सम्झनु पर्दछ ।

ङ) “सहकारी संस्था” भन्नालेसहकारी ऐन , २०४८ तथा गौमुल गाउँपालिकाको सहकारी ऐन २०७४ समेत बमोजिम दर्ता भएको सहकारी संघ संस्थालाई जनाउनेछ । “सहकारी” शब्दले कृषि सहकारी, उत्पादनमूलक सहकारी, वचत तथा ऋण सहकारी तथा बहुउद्देश्यीय सहकारीसमेतलाई जनाउने छ ।

च) “वेरोजगार” भन्नाले शिक्षित या अशिक्षित युवा युवतीहरु, कुनै पनि पेशा व्यवसाय तथा कुनै

आय आर्जन गर्ने काममा संलग्न नभएको व्यक्ति सम्झनु पर्दछ ।

छ) "युवा" भन्नाले १८ बर्ष देखि ४० बर्ष ननाघेका युवा युवतीलाई सम्झनु पर्दछ । संगै उच्च शिक्षा पढेलेखेका वेरोजगार भएर बसेका समेतलाई सम्झनु पर्दछद ।

ज) "ऋणी" भन्नाले न्यूनतम १८ वर्षदेखि ५० वर्ष उमेर समूह भित्रका ऋण लिने व्यक्ति सम्झनु पर्दछ ।

झ) "ऋणी समूह" भन्नाले बढीमा १०जनासम्मको सामूहिक लगानीमा व्यवसाय गर्न ऋण लिने समूह सम्झनु पर्दछ ।

ञ) "परियोजना वा प्रस्ताव" भन्नाले युवा स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोषबाट लिने कर्जा र आफ्नो रकम समेत लगानी गरी कुनै व्यवसाय सञ्चालन गर्न तयार गरिएको प्रस्ताव र सोसँग तथा सम्वन्धित चल अचल सम्पत्तिसमेत सम्झनु पर्दछ ।

ट) "परिवार" भन्नाले अंश लिई छुट्टी भिन्न नभएका कर्जावालासँगै साथै संगोलमा वस्ने वा मानाचामल लिई अलग-अलग वसेका भएपनि एक परिवारका सदस्यहरुलाई सम्झनु पर्दछ ।

ठ) "संयन्त्र" भन्नाले कोषको कायक्रमको प्रवर्द्धन गर्नस्थापित गरेको "गाउँपालिका अनुगमन समिति" लाई सम्झनु पर्दछ ।

ड) "प्रमाण पत्रधितो" भन्नाले सहकारी मार्फत ऋण लिदा धितोका रुपमा राखिने प्रविणता प्रमाण पत्र तह वा सो भन्दा माथिका प्रमाण पत्रहरुलाई सम्झनु पर्दछ ।

ढ) "सहभागी संस्था" भन्नाले युवा स्वरोजगार तथा साना व्यवसायी कोषसँग आवद्ध भई यस कार्यक्रमको लागि कोषसँग सम्झौता गरेका सहकारी संस्था सम्झनु पर्दछ

ण) "संस्था" भन्नाले सहकारी संघ वा संस्थागत सहकारी संस्थासमेतलाई जनाउँछ ।

त) "तोके वा तोकिए बमोजिम" भन्नाले कोष संचालन निर्देशिकाले तोके बमोजिम भन्ने सम्झनु पर्दछ ।

ठ) "कार्यकारी प्रमुख" भन्नाले कोष संचालन समितिको संयोजकलाई बुझाउने छ ।

ड) " सचिब" भन्नाले कोष संचालकसमितीको सचिव बुझाउने छ ।

ढ) " सदस्य" भन्नाले कोष संचालकसमितीको सदस्य बुझाउने छ ।

## परिच्छेद-३

३.१ कुनै पनि सहकारी संस्थाले युवा स्वरोजगार घुम्ती कोषको रकम माग गर्दा देहायका कागजात तथा विवरण पेश गर्नु पर्दछ :-

क) सहकारी सस्थाले कार्यक्रममा सहभागिहुने निवेदन ।

ख)सहकारी को वार्षिक साधारण सभावाट प्रस्तावना पेश गर्ने भनि गरिएको निर्णय पुस्तिका ।

ग)सहकारी संस्थाले कार्यक्रममा सहभागी हुन सम्वन्धित वडाको सिफारिस पत्र ।

घ) संस्था दर्ता प्रमाणपत्र, विधान ,नियमावली ।

ङ) संस्थामा रहेका कर्मचारीको विवरण ।

च) लेखा परीक्षण प्रतिवेदन ।

छ) लेखा परीक्षण सम्पन्न भएको पछिल्लो आर्थिक वर्षको वित्तीय विवरण ।

ज) संस्थाको पूँजी संरचना, निक्षेप तथा पूँजी कोष विवरण र संस्थाको हालको अवस्था ।

झ) वडा भित्रका सबै घरपरिवार अनिवार्य शेयर सदस्य भएको विवरण ।

ञ ) संचालक,लेखा र उप समितिहरुले लिएको ऋृणको विवरण ।

ट) सस्थाको पल्स प्रतिवेदन ।

ठ) व्यरोजगार युवाहरुको लगत तथा व्यवसायीक योजना ।

ड) स्वरोजगार कर्जा कार्यक्रम सञ्चालन कर्जा निर्देशिका तथा अनुगमन निर्देशिका ।

ढ) सहकारी संस्थाका सञ्चालक र लेखा समितका सदस्यहरुले यस कोषको रकम नियमपूर्वक बेरोजगार युवाहरुमा परिचालन गरी घुम्ती कोष नियमित गर्नेछौ भनी सामूहिक तथा व्यक्तिगत जमानी बसेको विवरण

३.२ सहकारीहरुसंग सम्झौताकोलागि गाउँपालिकाले आव्हान गर्ने छ । निम्मानुसारको विवरण र नीतिमा आधारित भै रकम निकासा र सम्झौता हुनेछ :-

क) माथि बुदा (३) मा उल्लेखित विवरणहरु ।

ख) स्वीकृत प्रस्तावलाई कोषबाट लगानी निकासा गर्दा प्रथम किस्तामा सम्झौता रकमको ५०%, दोस्रो किस्तामा ५०% निकासा गरिनेछ । दोस्रो किस्ताको लागि रकम निकासागर्दा पहिलो किस्ताको लगानी विवरण बुझाउनु पर्नेछ ।

ग) छ वटै वडाहरुमा स्थापित सहकारीहरु व्यवस्थित रुपमा संचालन भएको अवस्थामा मात्र निकासा हुनेछ । तर व्यवस्थीत भएर आएका सहकारीहरुलाई सम्झौता गरि रकम निकासाकामा वाधा पर्ने छैन ।

घ) कोषलाई सहकारी मार्फत लागु गरिनेछ ।

ङ) एउटा वडाको सहकारीलाई निम्नतम पन्ध्रलाख उपलब्ध गराईनेछ । तर कुनै वडाको सहकारीले सो संचालन गर्न नसक्ने भएमा वा कुनै विधी पुराउन नसकेमा राम्रो संग संचालनमा ल्याउन सक्ने वडामा कोष लगानी गरिनेछ । तर त्यसको लागि परिच्छेद ३ मा भएको विवरण सहित माग भै आउनु पर्नेछ ।

## परिच्छेद -४

## सहकारीहरुको लगानिको सिमा

४.१. युवा तथा साना व्यवसायीहरुको परियोजनाको सम्भाव्यता, उत्पादन गर्न सक्ने अवस्था परियोजनाको जोखिम आदिलाई ध्यान दिएर लगानी गर्नु पर्नेछ ।

४.२. उच्च शिक्षा अध्ययन गरेर व्यरोजगार भएर वसेका युवाहरुलाई विशेष प्राथमिकतामा राख्नु पर्नेछ ।

४.३. अधिकतम २ बर्षका लागि ऋृण लगानी गर्नु पर्ने ।

४.४. अधिकतम २ लाख सम्म ऋण लगानी गर्न सक्नेछ ।

४.५. सामुहिक व्यवसायका लागि प्रतिव्यक्ति लगानी २ लाख ५० हजार सम्म लगानी गर्न सकिनेछ ।

४.६. कृषी व्यवसायमा ऋण लगानीलाई प्राथमिकता दिनु पर्नेछ ।

४.७. महिला र दलितलाई ग्राहेतामा राख्नु पर्नेछ ।

४.८. गाउँपालिकाको आयश्रोत, व्यरोजगारलाई रोजगार दिने तथा देशको अर्थतन्त्रलाई सहयोग पुग्ने व्यवसायलाई उच्च प्राथमिकतामा राख्नु पर्नेछ ।

४.९. अनुदान ऋण लगानी गर्दा सहकारी संस्थाहरुले सहकारीको नियमानुसार अधिकतम १२ प्रतिशत सम्म व्याज लिन सक्नेछन ।

४.१० प्रत्येक २ बर्षमा ऋण असुल गरि पुनः अर्को व्यक्तिलाई प्रदान गर्नु पर्नेछ । यो अनुदानलाई घुम्ती कोषका रुपमा परिचालन गर्नु पर्नेछ ।

४.११. कोषलाई ठिक ढंगले परिचालन गरेको नदेखिएमा गाउँपालिकाले उक्त अनुदानलाई सहकारी मार्फत कुनै पनि समयमा सोध भर्ना गर्ने छ ।

## परिच्छेद -५
## ऋण लगानी सम्बन्धि प्रकृयागत व्यवस्था

५.१. सहकारी संस्थाहरुले कर्जा प्राप्त गर्न देहायअनुसारका प्रक्रीया पूरा गर्नु पर्नेछ ।

क) सहकारीहरुले अनुसुचि १बमोजिमको विवरण पेश गर्नु पर्ने छ ।

ख) सहकारी संस्थाहरुले अनुदान प्राप्त गर्न अनुसूची १ अनुसारको फाराम तथा विवरण भरी पेश गर्नु पर्नेछ ।

ग) युवा स्वरोजगार कोष अनुदानका लागि सहकारीहरुको प्रस्तावहरु कोष संचालक समितिले छानविन गरि विवरण पुगे नपुगेको हेरी भुक्तानीका लागि सिफारिस गर्नेछ ।

५.२. सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने भन्ने अन्तिम अधिकार कार्यपालिमा रहनेछ ।

## परिच्छेद -६
## संस्थाहरुले कर्जा वितरण गर्दा अपनाउनुपर्ने प्रकृया

६.१.सहकारी संस्थाहरुले कर्जा वितरणगर्दा निम्नानुसारको प्रक्रिया अवलम्वन गरी कर्जा वितरण गर्ने छ ।

क. ऋणीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

ख. शैक्षिक योग्यता हासिल गरेको भए सो को प्रमाण पत्रको प्रतिलिपि ।

ग. परम्परागत सीप (कृषि व्यवसाय, ब्यापार,तथा जातीय सीप) हुने बाहेक सीप हासिल गरेको प्रमाण पत्रको प्रतिलिपि ।

घ. युवा स्वरोजगार कोषबाट उपलब्ध गराएको अभिमुखीकरण तालीमको प्रमाणपत्रको प्रतिलिपि ।

ङ ऋणीको एकाघरका परिवार सदस्यहरुको रोजगारीको अवस्थासमेत खुल्ने गरी पारिवारिक विवरण ।

च. ऋणीको वा निजको परिवारको नाममा रहेको चल अचल सम्पत्तिको पूरा विवरण ।

छ. कर्जा माग निवेदन ।

ज .व्यवसायिक योजना ।

## परिच्छेद -७
## सहकारी संस्थाहरुबाट गर्नु पर्ने कार्यहरु

७.१. सहकारी संस्थाहरुबाट गर्नु पर्ने कार्यहरु देहाय अनुसार हुनेछन् ।

क. सहकारी संस्थाले कर्जाबालाले पेश गरेको विवरणको अध्ययन र विश्लेषण गर्ने,

ख.सहकारीले उचित ठह-याएमा कर्जा स्वीकृत गर्ने,

ग. कर्जा प्रवाह गर्दा परियोजनाको प्रकृति हेरी परियोजना निरीक्षण गरि सो को आधारमा तोकिए वमोजिमको किस्ता प्रवाह गर्ने,

घ.सहकारीहरुलेसमय समयमा कर्जा प्रदान गरेपछि र असुली गरी पुनःपरिचालन गरेको जानकारी फायल संगै गाउँपालिकामा दिनु पर्नेछ ।

च.सहकारीले सहकारीको नियमानुसार तमसुक गर्दा ऋण असूल उपर सम्वन्धि आवश्यक शर्तहरु उल्लेख गर्ने ।

छ. सहकारीले ६ महिना पछिबाट लगानी भएको मितिदेखिको बाँकी ब्याज सहित मासिक किस्ता समेतको भुक्तानी तालिकाको विवरण पेश गर्नु पर्ने ।

ज. भुक्तानी तालिका वमोजीम लगातार तीन किस्ता भाखा नाघेमा गाउँपालिकामा अनिवार्य रुपमा जानकारी दिई कर्जा असुली प्रकृया अगाडि बढाउने ।

झ. सहकारीहरुले सावाँलाई पुनःपरिचालन गर्नुपर्नेछ र प्रत्येक सदस्यलाई सहकारीको नियमाअनुसार लाभाशं अनिवार्य वितरण गर्नु पर्नेछ ।

## परिच्छेद -८
## सोधभर्ना सम्बन्धी व्यवस्था

८.१. सोधभर्ना सम्वन्धि व्यवस्था देहाय अनुसार हुनेछन् ।

क. सहकारीले अनुदान सहयोगबाट प्रवाह गरेको ऋण लगानी गरि सावा व्याँज लाई नियमिति गर्नु पर्ने छ । नियमित हुन नसकेमा सम्पूर्ण रुपमा जिम्मेवार कार्यसमिती र सहकारी हुनेछ । गाउँपालिकाले सोधखोज गर्दा चुस्त दुरुस्त देखाउनु पर्ने छ ।

## परिच्छेद -९
## कर्जाको अनुगमन सम्बन्धी व्यवस्था

९.१. सहकारी संस्थाहरुको अनुगमन गाउँपालिकाका पदाधिकारी र अनुदान परिचालन समितीले गर्नेछ।

९.२. अनुगमनको समयमा कुनै अनियमितता भएको पाइएमा त्यसको निराकरण एवं कारवाहीको लागि कार्यपालिकामा सिफारिस गर्न सक्नेछ ।

९.३. यसरी अनियमितता भएको वा समयमा ऋण असुली नगरेको वा घुम्ती कोषका रुपमा पुनः परिचालन नगरेको पाईएमा कार्यपालिकाको निर्णयले अनुदान कुनैपनि समयमा फेर्ता लिन सक्नेछ ।

# अनुसुची १

## युवा स्वरोजगार कोषबाट सहकारी संस्थाले अनुदान प्राप्त गर्न भरिने फारम :

## परिच्छेद-३ मा भएका साथै सहकारी संस्थाले दरखास्त साथ पेश गर्ने विवरण

१) सहकारी विवरण :

| | | | |
|---|---|---|---|
| सहकारी संस्थाको नाम : | | | |
| पुरा ठेगाना : | | | |
| संचालन मिति : | | | |
| पान नं | | दर्ता नं | |
| जि.स.स. दर्ता न. | | | |
| | | | |
| सहकारीमा आवद्ध सदस्यको विवरण | महिला | पुरुष | जम्मा |
| सदस्य संख्या | | | |

२. सहकारी संस्थामा नियमित रुपमा काम गर्ने कर्मचारीको विवरण :

| क्र.सं. | नाम | पद | सम्पर्क नं | विभाग/कार्यालय शाखा |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

३) वित्तिय विवरण

रु हजारमा

| शिर्षक आ.व. | | | | वृद्धि प्र.स. |
|---|---|---|---|---|
| शेयर पुँजी | | | | |
| जगेडा कोष | | | | |
| जोखिम कोष | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कुल निक्षेप | वचत | | | | |
| | मुद्धती | | | | |
| | अन्य | | | | |
| | संस्थागन निक्षेप | | | | |
| व्याज मूलतवी | | | | | |
| कुल ऋण लगानी | | | | | |
| क. कृषि जन्य क्षेत्रमा | | | | | |
| ख. सेवा व्यवासाय | | | | | |
| ग. लघु उद्योग | | | | | |
| घ. अन्य व्यवसाय | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कुल लगानी | | | | | |
| स्थिर सम्पत्ति (घर जग्गाको हकमा मालपोत कार्यालय को मुल्यांकन रकम) | | | | | |
| कुल आम्दानी | व्याज | | | | |
| | अन्य | | | | |
| कुल खर्च | व्याज | | | | |
| | कर्मचारी | | | | |
| | अन्य संचालन खर्च | | | | |
| संचालन मुनाफा | | | | | |
| आयकर आधिको वचत (नाफा) | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| जोखिम व्यहोर्ने कोषहरुको रकम | क. | | | | |
| | ख. | | | | |
| | ग. | | | | |
| अनिवार्य नियमित वचत रकम | | | | | |
| अनिवार्य नियमित वचत गर्ने सदस्य संख्या | | | | | |
| म्याद नाघेको कर्जा रकम | | | | | |
| म्याद नाघेको कर्जा प्रतिशत | | | | | |
| साधारण सभा वसेको मिति | | | | | |

४ शेयर सदस्यको विवरण

| क्र. सं. | संस्था सदस्य/परिवारको नाम | लिएको शेयर रकम | बचत रकम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

५सञ्चालक तथा लेखा समितिर उपसमितिका सदस्यहरुले लगेको ऋणको विवरण

| क्र.सं. | नाम | पद | शिर्षक | वाँक सावाँ | वाँकी व्याज | भुक्तानि मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

६. पल्स प्रतिवेदन .........असार मसान्त भित्रको

| P-E-A-R-L-S RATIOS (पर्ल्स अनुपात) | Goals (लक्ष्य) प्रतिशतमा | हालको अवस्था |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ए | PROTECTION(संरक्षण) | | | |
| | १ | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि व्यवस्था | १०० | |
| | २ | १२ महिना भन्दा कम भाखा नाघेको ऋणको लागि व्यवस्था | ३५ | |
| E | EFFECTIVE FINANCIAL STRUCTURE ( प्रभावकारी वित्तिय संरचना ) | | | |
| | १ | जम्मा खुद ऋण / जम्मा सम्पत्ति | ७० देखि ८० | |
| | २ | जम्मा बचत निक्षेप / जम्मा सम्पति | ७० देखि ८० | |
| | ३ | बाह्य ऋण / जम्मा सम्पति | बढीमा ५ | |
| | ४ | जम्मा शेयर पुँजी / जम्मा सम्पति | १० देखि २० | |
| | ५ | संस्थागत पुँजी / जम्मा सम्पति | कम्तीमा १० | |
| A | ASSET QUALITY ( सम्पत्तिको गुणस्तर ) | | | |
| | १ | जम्मा भाखा नाघेको ऋण /जम्मा लगानीमा रहेको ऋण | ५ भन्दा कम | |
| | २ | आर्जन नगर्ने सम्पत्ति / जम्मा सम्पत्ति | ५भन्दा कम | |
| R | RATES OF RETURN AND COSTS(लगानिको प्रतिफल तथा लागत) | | | |
| | १ | सञ्चालन खर्च / औषत सम्पत्ति | ५ | |
| | २ | खुद आय / औषत सम्पत्ति | कम्तीमा १० | |
| L | LIQUIDITY(तरलता) | | | |
| | १ | तरल सम्पत्ति - अ.भुक्तानी /जम्मा बचत निक्षेप | कम्तीमा १५ | |
| S | SIGNS OF GROWTH( वृद्धिको संकेत ) | | | |
| | १ | सदस्यता बृद्धि | १२भन्दा बढी | |
| | २ | सम्पत्तिको बृद्धि | | |

| | | | | |
|---|---|---|---|---|
| | | | १० भन्दा बढी | |

७) प्रस्ताव सम्वन्धी विस्तृत विवरण (निम्न शिर्षक अनुसार कर्जा मागको प्रस्ताव वेग्लै संलग्न गर्ने) :
१. संस्थाको परिचय (पूँजी, प्रस्तावित कार्यक्षेत्र, लगानिका क्षेत्रहरु, प्राथमिकता, उद्धेश्य आदि)२. परियोजनाको उद्धेश्य र रोजगार सृजना हुने संख्या३. कर्जा वितरण योजना (भौगोलिक क्षेत्र, लगानिको क्षेत्र, लक्षित सहभागीहरु, कूल लगानी गर्ने रकम र
मासिक वितरण तालिका)४. व्यवसायीबाट मासिक कर्जा फिर्ता गर्ने भुक्तानी तालिका५. कोषबाट ऋण प्राप्त भएपछि तालिम कर्जा प्रवाह अनुगमन निरिक्षण आदिको लागि गरेको कर्मचारी व्यवस्था :६) सापटी रकमको कोषलाई फिर्ता वुझाउने तालिका :

७ संचमलक समिति लेखा समितिहरु जमानि बसेको विवरण :

युवा तथा साना व्यवसायी स्वरोजगार घुम्तिकोषको कार्यक्रम सञ्चालन गर्न प्रतिवद्धतापत्र सहित रु ……………… ……………………… . ……….उपलब्ध गराउन अनुरोध गर्दछौं । उक्त रकम यस क्षेत्रमा नमुना व्यवसायहरुमा सुरक्षित पूर्वक युवाहरुमा लगानी गरी स्वरोजगार सृजना गरी प्रस्तावमा तोकिएको समय भित्र धुम्तीकोष कोरुपमा लगानि गर्न हामी तपसिलका सञ्चालकहरु व्यक्तितग तथा सामुहिक रुपमा जमानी वस्न मञ्जुर गरि यो प्रस्ताव गौमुल गाउ पालिकाको कार्यालयमा पेश गरेका छौ । कोषले गरेका निर्णय हाम्रो लागी मान्य र अन्तिम हुने कुरामा हामी मञ्जुर गर्दछौं ।

| क्र.सं | नाम | पद | नागरिकता नं | सम्पर्क न. | हस्ताक्षेर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

लेखा समितिको सिफारिस :उपरोक्त अनुसार कोषबाट प्राप्त हुने रकमको नियमित अनुगमन, निरिक्षण आदि गरी सो रकम सदुपयोग गर्दा र कोषलाई समयमै घुम्तीकोषको रुपमा लगानि गर्न गराउन लेखा समितिले समयमै पूर्ण जिम्मेवारी निर्वाह गर्ने छौ ।

| क.सं | नाम | पद | नागरिकता नं | सम्पर्क न. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

छाप :
मिति

# अनुसुची २

## युवा तथा साना व्यवसायी स्वरोजगार र कर्जा माग फाराम

(व्यक्तिगत कर्जाको लागि)

श्री.......................................................................... मार्फत : जिल्ला संयोजन तथा अनुगमन समिति..............

विषय : स्वरोजगार कर्जा उपलबध गराई पाँउ ।

महोदय,

नेपाल सरकार, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, २०६९ अनुसार म श्री......................................को छोरा/छोरी श्री.....................................को श्रीमान्/श्रीमती जिल्ला.................म.न.पा./उ.न.पा./न.पा./ गा.वि.स.......................... बस्ने वर्ष..............................को श्री/श्रीमती ......... .......................हालसम्म कुनै रोजगारी मूलक कार्यमा लाग्न नसकी बेरोजगार रहेकोले त्यस बैंकबाट निम्न व्यवसाय संचालनको लागि देहायमा उल्लेख भएको योग्यता समेत हासिल गरेकोले मेरो आफ्नै जमानिमा परियोजना धितो राखी कर्जा उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गरिएको छ ।

१. व्यवसायको नाम :..................................................... २. व्यवसाय संचालन गर्ने अञ्चल.......................जिल्ला......................गा.वि.स./न.पा./उप.म.न.पा./म.न.पा.................. ...... वार्ड नं................टोल/गाँउ.................घरको नम्बर......................टेलिफोन नं......................मोबाईल नं.............................

४. व्यवसाय संचालन गर्नको लागि मैले/हामीले निम्न अनुसारको विवरणहरु पेश गरेको छु, छौं :

१. नागरिकताको फोटोकपी : ३. तालिमको प्रमाणपत्र ५. फोटो ७. अन्य

२. शेक्षिक योग्यताको प्रमाणपत्र ४. पुर्व अनुभवको प्रमाणपत्र ६. शञ्चालन गर्ने परियोजनाको विवरण :

५.आफ्नो एकाघरको परिवार सदस्यको रोजगारीको अवस्था समेत खुल्ने गरी पारिवारिक विवरण,

| नम | नाता | दर्जा | काम गर्ने संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. आफ्नो वा आफ्नो परिवारको नाममा रहेको चल अचल सम्पत्तिको विवरण,

| नम | नाता | घर जग्गाको कित्ता नं. | जिल्ला | न.पा. वा गा.वि स. | वा.नं. | क्षेत्रफल | सगोल वा अंशवण्डा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

७. शर्त सुविधा :

१.उल्लेखित कर्जा...............................................कार्यमा प्रयोग गर्नेछु ।

२.कर्जामा कोषले समय-समयमा तोकेको दरमा ब्याज तथा साँवा तिर्नेछु ।

३. बैंकले तोकेको कोषको कर्जाको शर्त मान्न मंजुर छु ।

४. मैले लिएको कर्जाको तोकिएको समयमा नबुझाएमा समेत मेरो व्यवसायको दर्ता रद्द गर्ने, मेरा शैक्षिक वा व्यवसायिक प्रमाण पत्रहरु जफत गर्ने, मैले पाउनु पर्ने मेरो भागमा र हन पुगेको पैतृक वा आफुले आर्जन गरेको सम्पत्ति रोक्का गर्ने, कालो सूचीमा राख्ने, मतदानमा उम्मेदवार वन्न नपाउने, मतदानमा भाग लिन नपाउने लगायत राज्यले प्रदान गर्ने सुविधा समेतबाट वञ्चित गरी प्रचलित कानून वमोजिम कारवाही भएमा समेत मेरो मञ्जुरी छ ।

५. जुनसुकै सम्पत्तिमा स्वतः पहिलो दाबी सृजना हुने र मैले पाउने रकम तेस्रो पक्षबाट असुल उपर गरी लिएमा सहमति छ तथा मेरो व्यक्तिगत जमानी समेत मेरो मञ्जुरी छ ।

६. कुनै किसिमको यो कर्जा लिए पछि रोजगार भएमा सम्पुर्ण साँवा ब्याज ३ महिना भित्र बुझाउने छु र सो नगरेमा नियतबस ऋण नतिर्ने ऋणीहरुबाट ऋण असुलीका लागि कारबाही गरेमा मेरो मञ्जुरी छ।

७. बीमा सम्बन्धी र ब्याज अनुदान सम्बन्धमा मेरो सहमति छ ।मैले पेश गरेको उपरोक्त विवरण झुटा ठहरेमा मलाई प्रचलित कानून वमोजिमको कारबाही गरेमा मेरो मञ्जुरी छ भनी माथि उल्लेखित कर्जा प्राप्त गर्नको लागि यो माग फाराम पेश गरेको छु ।

निवेदक, नाम :

दस्तखत :

स्वरोजगार (सम्पत्ति) बीमालेख

**आज्ञाले**
**डम्मर बहादुर थापा**
**प्रमुख प्रशासकिय अधिकृत**